# लेखापरीक्षण प्रतिवेदन

## भीमसेनथापा गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भीमसेनथापा गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/305

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
भीमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

## कैफियतसहितको राय

हामीले भीमसेनथापा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५ करोड ८२ लाख ५१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९ लाख २० हजार र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको रु.१ लाख ५० हजारसमेत रु.१५ करोड ९३ लाख २१ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ३५ करोड ५ लाख ४२ जारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ८५ लाख ५३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.४७ लाख ९५ हजारको प्रतिक्रिया उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु.२ करोड ३७ लाख ५८ हजारमध्ये असुल गर्नुपर्ने रु.९२ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.५ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४० लाख १८ हजार रहेको छ। गत वर्षसम्म रु.८ करोड ७२ लाख ३९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ७७ लाख ७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शनतथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५७ | १४९ | २८५५३६०८ | ० | ६४ | ४७९५८५४ | ० | ५७ | ८५ | २३७५७७५४ | ९२२३९९८ | १४०१७४३८ | ५१६३१८ | ० | ० | १४५३३७५६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ८७२३९००० | ० | ३२८९७४३ | ८३९४९२५७ | ० | २३७५७७५४ | १०७७०७०११ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजु दफा नं | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८७.४ | सामाजिक सुरक्षातर्फ | ३९२१९१.० |
| २ | २०८०/८१ | ७७ | विद्यालय सुधार योजना | १६५०००.० |
| ३ | २०८०/८१ | ७२ | विद्यालय लेखापरीक्षण अनुदान | १०००००.० |
| ४ | २०८०/८१ | ८३ | बुक कर्नर | २२१००.० |
| ५ | २०८०/८१ | ८० | पारिश्रमिक कर | ८०७३३.२३ |
| ६ | २०८०/८१ | ६५ | निःशुल्क गर्भपतन सेवा | ३२००.० |
| ७ | २०८०/८१ | ७१ | छात्रवृत्ति | ७८४००.० |
| ८ | २०८०/८१ | ३५ | कामको पुस्टयाई | १४३८६०.० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ३८ | कामको पुष्ट्याइ | ६१०३७०.० |
| १० | २०७९/८० | ४१ | भर्पाई पेश नभएको | २८४०४९५.० |
| ११ | २०७९/८० | ४५ | पाठ्यपुस्तकवापत बढी निकासा | १३१७८.० |
| १२ | २०७९/८० | ३२ | जडानको प्रमाण | ३९९०७७.० |
| १३ | २०७९/८० | ४४ | अस्थायी कर्मचारीको संचयकोष र बिमा बापत भुक्तानी | २८९९३.० |
| १४ | २०७८/७९ | ४७ | वढी निकासा | ८०००.० |
| १५ | २०८०/८१ | ३३ | पेश्की बाँकी विवरण | ३२०००००.० |

# (८०४३६५०६३०० - भीमसेनथापा गाउँपालिका, गोरखा )

## परिचय

१ **परिचय**

**(क)** परिचयः स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडारहेको छ भने क्षेत्रफल १०१.३५ वर्ग किलोमिटर तथा १६ हजार ९८६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**-लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**-यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२० देखि २०८१।८।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**-लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**-लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**-कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्ययतर्फको गरी जम्मा रु. १३५०५४२५८५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :**-लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :**-लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९,१७,४१९।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम |
| --- | --- | --- |
| १ | छात्रवृति | ६०००० |
| २ | विद्यालयलाई बढी निकासा | १७०९१४ |
| ३ | कर कट्टी मेडपा | ८४०० |
| ४ | कृषक सहभागिता | १२९५८ |
| ५ | कर कट्टी | ४४९५ |
| ६ | प्रदेश सञ्चित कोष दाखिला | १४४७५२ |
| ७ | संघीय सञ्चित कोष दाखिला | ५१५९०० |
|  | जम्मा | ९१७४१९ |

**(झ)एकीकृत आय-व्ययः** पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| **गतवर्षको जिम्मेवारी बाँकी** | | **पालिका चालुतर्फ** | |
| सञ्चितकोष | १०९८९५०६७.०७ | गाउँपालिका चालु | ९७३६२७५१.३६ |
| धरौटी | ५३९६०७०.०० | गाउँपालिका शिक्षा | १८९१५७४९.०० |
| विविध कोष खाता | ४५६९४१४.०० | गाउँपालिका स्वास्थ्य | ९०४२६२२.०० |
| प्रकोप व्यवस्थापन कोष | ४३३८२४०.५० | गाउँपालिका कृषि तथा पशु | १४१४२३९.०० |
| विविध खर्च खाता | १०१००१४२.४५ | **जम्मा** | **१२६७३५३६१.३६** |
| आकस्मिक कोष खाता | ८००००००.०० | **पालिका पुँजीगततर्फ** | |
| **जम्मा** | **१३५०९८९३४.०२** | गाउँपालिका पुँजीगत | ११३६५९०४०.०० |
| आन्तरिक आय | | पुँजीगत शिक्षा | ७४४१०२.०० |
| आन्तरिक राजस्व | ५५७८६८६.०५ | पुँजीगत स्वास्थ्य | ५१८२९९९.०० |
| राजस्व बाँडफाँट मालपोत स्थानीय राजश्व समेत | ४१८६९२६.७९ | पुँजीगत कृषि तथा पशु | ६७८४७२९.०० |
| **जम्मा** | **९७६५६१२.८४** | संघीय समपुरक | ५१४९३१७.३१ |
| बाँडफाँटबाट प्राप्त राजश्व -संघ | ७०२०८४५४.६८ | प्रदेश समपुरक | २५५९१९२.०० |
| बाँडफाँटबाट प्राप्त राजश्व -प्रदेश | ५७०३०७५.०० | पालिका तर्फ जम्मा | १३४०७९३७९.३१ |
| **जम्मा** | **७५९११५२९.६८** | **जम्मा** | **२६०८१४७४०.६७** |
| संघीय सरकारबाट प्राप्त अनुदान | | संघीय सरकारबाट प्राप्त अनुदान | |
| वित्तीय समानिकरण अनुदान | ११७४५९०००.०० | सशर्त अनुदान चालु | २४४०३६४३०.३६ |
| सशर्त अनुदान चालु | २४४०३६४३०.३६ | सशर्त अनुदान पूंजीगत | ३५०७३५०.०० |
| सशर्त अनुदान पूंजीगत | ३५०७३५०.०० | समपुरक अनुदान | ५१४९३१७.०० |
| समपुरक अनुदान पूजीगत | ५१४९३१७.०० | विशेष अनुदान | ४०३३२९४.०० |
| विशेष अनुदान | ४०३३२९४.०० | **जम्मा** | **२५६७२६३९१.३६** |
| **जम्मा** | **३७४१८५३९१.३६** | प्रदेश सरकारवाट प्राप्त अनुदान | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | समपुरक अनुदान | ३८३८७८८.०० |
| वित्तीय समानिकरण अनुदान | १३३६१२५०.०० | सशर्त अनुदान | २८३४३१२.०० |
| सशर्त अनुदान चालु | २८३४३१२.०० | **जम्मा** | **६६७३१००.००** |
| समपुरक अनुदान पूजीगत | ३८३८७८८.०० | अन्तर सरकारी अख्तियारी संघ | |
| **जम्मा** | **२००३४३५०.००** | सामाजिक सुरक्षा | १५८२५०५२३.०० |
| अन्य आय | | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ९२००००.०० |
| सडक बोर्ड | २८२६८१४.०० | उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | १५००००.०० |
| विविध कोष खाता थप | १८१०१९२.०० | **जम्मा** | **१५९३२०५२३.००** |
| प्रकोप व्यवस्थापन कोष थप | १००००००.०० | सडक वोर्ड | २७६२९९२.०० |
| विविध खर्च खाता थप | ५१७७४७६.९८ | प्रकोप व्यबस्थापन कोष खर्च | १५५८७०९.०० |
| आकस्मिक कोष खाता थप | २०००००.०० | विविध कोष खाता | ५००००.०० |
| धरौटी थप | ३९९७३७६.०० | विविध खर्च खाता | ५०५२७९०.०० |
| **जम्मा** | **१५०११८५८.९८** | धरौटी | ३३५४०७३.०० |
| **अन्तरसरकारी अख्तियारी संघ** | | **जम्मा** | **१२७७८५६४.००** |
| सामाजिक सुरक्षा | १५८२५०५२३.०० | मौज्दात बाँकी | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९२००००.०० | सञ्चित कोष | ६४६९९९३८.७३ |
| उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय | १५००००.०० | धरौटी | ६०३९३७३.०० |
| **जम्मा** | **१५९३२०५२३.००** | विविध कोषखाता | ६३२९६०६.०० |
| | | प्रकोप व्यवस्थापन कोष | ३७७९५३१.५० |
| | | विविध खर्चखाता | १०२८८६५१.४३ |
| | | आकस्मिक कोष खाता | १००००००.०० |

| | | | |
|---|---|---|---|
| | | विभाज्य कोष खाता | ८७७७८०.१९ |
| | | **जम्मा** | **९३०१४८८०.८५** |
| **कुल जम्मा** | **७८९३२८१९९.८८** | **कुल जम्मा** | **७८९३२८१९९** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

• स्थानीय तहले सञ्चित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय सञ्चित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाई बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाई विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रू.१५,८२,५०,५२३।– र ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको रू.१,५०,०००।– समेत रू.१५,९३,२०,५२३।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

• एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या

अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

३ **क्षेत्रगत बजेट र खर्च -**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७०५८०००.०० | २३१९१९९९.९० | ४.४२ |
| २ | पूर्वाधार विकास | ३१८७६२०६७.०० | २८८९४५६५१.४६ | ५५.१२ |
| ३ | सामाजिक विकास | १६१४५५०००.०० | ११४३७६७११.३१ | २१.८२ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १५१७५०००.०० | १००५३९६८.०० | १.९२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०४४७४४६७.०७ | ८७६४५९०१.३६ | १६.७२ |
| | जम्मा | ६३६९२४५३४.०७ | ५२४२१४२३२.०३ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्येपूर्वाधार विकासमा सबैभन्दा बढी ५५.१२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी १.९२ प्रतिशत रहेको छ ।

४ **त्रैमासिक पुँजीगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि नं | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमामसिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | १४६५७४८३४.३१ | २२९६६६२६.०० | ९८२१२६७.०० | १३९१५५७७.३१ | ९९८७१३६४.०० | ५७८१५३३६.०० |
| | प्रतिशत | १००.०० | १५.६७ | ६.७० | ९.४९ | ६८.१४ | ३९.४४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१४,६५,७४,८३४।३१ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२,२९,६६,६२६।- (१५.६७प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९८,२१,२६७।- (६.७० प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१,३९,१५,५७७।३१ (९.४९ प्रतिशत) रचौथो त्रैमासिकमा रु.९,९८,७१,३६४।- (६८.१४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५,७८,१५,३३६।- (३९.४४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५ **खर्च विश्लेषण-**

यस पालिकाले अघिल्लो आ.व.२०७९।०८० बाट प्राप्त अ.ल्या मौज्दात रु.१३ ५०९६ ९३४।०२ यस बर्ष कुल आन्तरिक आय रू.९७६५६१२।८४ र राजस्व बाँडफाँडबाट तथा अनुदानबाट रु.४७०१३१२७१ समेत रु.६१४९९५८१८ आम्दानी भएकोमा चालु तर्फ रु.३७,७६,३९,३९७।७२ र पुँजीगत तर्फ रु.१४,६५,७४,८३४।३१ समेत रु.५२,४२,१४,२३२।०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८६ प्रतिशत रहेको छ । पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

६ **कार्य सञ्चालन तथा अन्य कोष-**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापनर विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१,९३,०७,७९६।९५ र यो वर्षको थप रू.१,०५,१४,४८२।- सहित रु.२,९८,२२,२७९।९३ आय र रु.९४,२४,४९१।- खर्च गरी रु.२,०३,९७,७८८।९३ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| सि नं | कोषको नाम | शुरु मौज्दात | योवर्ष थप | जम्मा | योवर्षको खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय विकास कोष कार्यक्रम सञ्चालन कोष | ३००००००.०० | १००००००.०० | ४००००००.०० | ०.०० | ४००००००.०० |
| २ | आकस्मिक कोष | ८००००००.०० | २००००००.०० | १०००००००.०० | ०.०० | १०००००००.०० |
| ३ | गरिवी निवारण तथा सामाजिक परिचालन कोष | ९००००००.०० | १००००००.०० | १०००००००.०० | ०.०० | १०००००००.०० |
| ४ | मानव संशाधन विकास कोष | ६००००००.०० | १००००००.०० | ७००००००.०० | ०.०० | ७००००००.०० |
| ५ | स्थानीय विकास घुम्ती कोष | ७००००००.०० | १००००००.०० | ८००००००.०० | ०.०० | ८००००००.०० |
| ६ | कार्य सञ्चालन कोष - बिबिध | ५६९४१४.०० | ५१०१९२.०० | १०७९६०६.०० | ५००००.०० | १०२९६०६.०० |
| ७ | महिला तथा वाल विकास कोष | ७००००००.०० | ३००००००.०० | १०००००००.०० | ०.०० | १०००००००.०० |
| ८ | प्रकोप व्यवस्थापन कोष | ४३३८२४०.५० | १०००००००.०० | ५३३८२४०.५० | १५५८७०९.०० | ३७७९५३१.५० |
| ९ | वातावरण ब्यवस्थापन कोष | ३००००००.०० | १००००००.०० | ४००००००.०० | ०.०० | ४००००००.०० |
| १० | बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | १०१००१४२.४५ | ८००४२९०.९८ | १८१०४४३३.४३ | ७८१५७८२.०० | १०२८८६५१.४३ |
| | **जम्मा** | **१९३०७७९६.९५** | **१०५१४४८२.९८** | **२९८२२२७९.९३** | **९४२४४९१.००** | **२०३९७७८८.९३** |

७ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,

• दिगो विकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

खरिद व्यवस्थापनतर्फ

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वयन नभएको ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

विविधतर्फ

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्यविवरण वनाई लागु गरेको पाईएन,

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनुपर्ने देखिन्छ,

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

• पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको.

• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **न्यायिक समिति**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्छौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ३७ वटा विवाद दर्ता भएकोमा जम्मा ४५ मध्ये २७ वटा फर्स् फर्छौट भई यो वर्ष फर्छौट नभई १८ वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ **आन्तरिक आय**-

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष विभिन्न २२ शिर्षकमा रु ६९ लाख ५० हजार आन्तरिक आय (स्थानिय राजत्रस्व वाडफाडबाट प्राप्त आय समेत) संकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ विभिन्न २१ शीर्षकमा रु ८८,८७,८३२।६५ (स्थानिय राजस्व वाडफाड पछि प्राप्त आय समेत) आम्दानी भएको छ । जून बार्षिक अनुमानित आय भन्दा २७.८८ प्रतिशतले बढी असूल भएको देखिन्छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने र आत्मनिर्भर हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

१० **व्यवसाय कर**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाले योवर्ष व्यवसाय कर वापत रु. २७८२४०।रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११ **योजना र कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १७ | ९१०००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १८२ | ४२५८०००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २५ | ९४००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ८ | ३५००००० |
| | जम्मा | २३२ | ५६३९०००० |

## १२ एम्बुलेन्सको आय-व्यय-

पालिकाले आफ्नो नाममा रहेको मेशिनहरुको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिका अन्तर्गत बा २ झ १०५६ नम्बरको एक एम्बुलेन्स बोल्लाङ्ग स्वास्थ्य चौकीमा, शहिद स्मृती आधारभुत अस्पतालमा एक एम्बुलेन्स ग १ झ ५२३ र खान्चोक स्वस्थ्य चौकीमा एक एम्बुलेन्स समेत ३ एम्वुलेन्स सरकारी साधनको रुपमा सञ्चालनमा रहेको जनाइएको छ । ती साधनहरू पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । एम्बुलेन्स सञ्चालनमा भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवस्था रहेन । व्यवस्थित तरिकाले एम्बुलेन्स सञ्चालन गरी सोबाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्दछ।

## १३ आन्तरिक लेखापरीक्षण-

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानिय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख रहेको छ । यस पालिकाले कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको जनाएतापनि उक्त शाखामा दक्ष जनशक्ति नभएको कारण उल्लेख गरी यो वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा दक्ष जनशक्ति आवश्यक संख्यामा पदपूर्ति गरी स्वतन्त्र र वस्तुपरक रुपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औल्याएका व्यहोराहरुको यथाशिघ्र सुधार गरी गराई आर्थिक प्रशासनलाई कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

## १४ योजना छनौट-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## १५ कर्मचारी दरबन्दी तथा करार-

१५.१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई बिगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ८० जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले ६३ थप गरी १४३ जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये ९३ कर्मचारीहरु करारमा राखी रु.१,६८,३५,२९३।- भुक्तानी दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ। कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थप गर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

१५.२ त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.७०,५२,९६४।- भुक्तानी गरेको अनियमित देखिएको रु.

| सि.नं. | पद | सख्या | वार्षिक तलब |
|---|---|---|---|
| १ | अधिकृत आठौं (मेडिकल अधिकृत) | २ | ४८७३८४ |
| २ | सहायक चौथौ | ४ | ९१६३२० |
| ३ | सहायक चौथौ (अ. न.मी) | ३ | ७१७१२० |
| ४ | सहायक चौथौ (अ.हे.व ) | २ | ५१७९२० |
| ५ | सहायक चौथौ (अमिन) | १ | ३७१९३० |
| ६ | सहायक चौथौ (ल्याव असिष्टेण्ट) | २ | ५२८०७० |
| ७ | सहायक चौथौ (सहायक कम्प्युटर अपरेटर) | ७ | १८१२७२० |
| ८ | सहायक चौथौ (सामाजिक परिचालक) | १ | २०१५०० |
| ९ | सहायक पाँचौ | ४ | १२००००० |
| १० | सहायक पाँचौ (हेल्थ असिस्टेन्ट) | १ | ३००००० |
| | जम्मा | २७ | ७०५२९६४ |

| अनियमित भएको | ७०,५२,९६४ |
|---|---|

## १६ पदाधिकारी सुविधा-

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ४३ जना पदाधिकारीहरुलाई रु.९३,६४,०२५।- पदाधिकारी सुविधा र रु.२८,४००।- पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखि भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

## १७ कल्याण कोष-